# प्रदेश सभा

## गण्डकी प्रदेश

## विशेष अधिवेशन

## (सातौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति : २०७७/१०/०५ गते दिनको १.०८ बजे।

प्रदेश सभाको विशेष अधिवेशनको आजको बैठकको कार्यबाही माननीय सभामुख श्री नेत्रनाथ अधकारी ज्यूको अध्यक्षतामा दिनको १.०८ बजे प्रारम्भ भयो ।

**माननीय सभामुख-** माननीय सदस्यहरु आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।माननीय सदस्यहरु, सर्वप्रथम माननीय कृष्णचन्द्र नेपाली पोखरेलले दर्ता गर्नु भएको संकल्प प्रस्ताव माथिको बाँकी छलफल प्रारम्भ हुन्छ।छलफलमा भाग लिन चाहानुहुने प्रत्येक माननीय सदस्यहरुको लागि १० मिनटको समय निर्धारण गरेको छु।निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाइ राख्न अनुरोध गर्दछु।सर्वप्रथम माननीय सदस्य श्री कृष्ण बहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री कृष्ण बहादुर थापा-** माननीय सभामुख महोदय,हाम्रो यो सम्मानित सभामा माननीय कृष्णचन्द्र नेपाली पोखरेल ज्यूले दर्ता गर्नु भएको संकल्प प्रस्ताव उपर हामी हिजोदेखि छलफलमा छौं र यो संकल्प प्रस्तावको छलफलमा मलाइ भाग लिने मौका दिनुभएकोमा सभामुख ज्यूलाइ हार्दिक धन्यबाद व्यक्त गर्न चाहान्छु।गण्डकी प्रदेशको करिब तिन वर्ष हामीले बिताँउदैछौ।यो तिन बर्षको ईतिहासमा मलाइ लाग्छ हिजो र आजको दिन ऐतिहासिक छ।हामी सवैको लागि खुशिको दिन भएको छ र गर्व गर्न लायकका दिन भएका छन किनभने यो सिङ्गो सम्मानित सभाका हामी माननीय सदस्यहरु सबै एकजुट भएर र अहिले बिश्व महामारीको रुपमा देखा परेको

कोभिड १९ भाइरसको बिरुद्दमा हामीले हाम्रो प्रदेशका जनताहरुको पक्षमा जनताहरुको हितको लागि एउटा सिङ्गो प्रदेशको हितको लागि त्यो काम गर्ने बाचा सहित यो संकल्प प्रस्ताब यो सम्मानित सभामा प्रस्तुत भएर हामी छलफलमा छौं तसर्थ एकदम खुशी र गौरब गर्न लायक दिनको रुपमा यसलाइ मैले लिएको छु।माननीय सभामुख महोदय, कोभिड १९ शुरु भएदेखि यता सम्मको हामीले सरसरती नेपालको कुरा गरिरहँदा म यहाँ सदनमा आउनुभन्दा साढे एघार बजे सम्मको डाटा अनुसार नेपालमा हालसम्म कोराना सक्रमण हुनेको संख्या दुइलाख सतसठ्ठी हजार तिनसय बाइस र नेपालमा कोरानाबाट निको भएको संख्या दुइलाख उकसठ्ठी हजार चारसय चौवालिस र नेपालमा हाल कोराना संक्रमित संख्या तिन हजार नौसय उन्नाइस र नेपालमा कोरानाबाट मृत्यु भएको संख्या एकहजार नौसय उनसाठि र नेपालमा दुइलाख सतसठ्ठी हजार तिनसय बाइस संक्रमित मध्ये एकलाख त्रिहत्तर हजार आठसय त्रियासी पुरुष र त्रियानब्बे हजार सातसय उनचालिस महिला रहेको छ।सो मध्ये दुइलाख त्रिसठ्ठी हजार चारसय चौवालिस निको भएका छन पछिल्लो चौबिस घण्टाको अपडेट हेर्ने हो भने नेपालमा दुइसय छैसठ्ठि नयाँ संक्रमित र चारसय जना निको भएको र पाँचसय पाँच जनाको मृत्यु भएको पाइन्छ।र म यो सम्मानित सभामा नेपालमा कोभिड १९ कोराना भाइरसबाट त्यो संक्रमण भएर मृत्यु वरण गर्नु हुने सम्पूर्ण आदरणीय आमा बुवा दाजुभाइ, दिदिबैनी, साना साना बालबालिका जो चाँहि वास्तवमा असमायिक निधन भएको छ उहाँहरु प्रति म भावपूर्ण श्रद्धान्जलि व्यक्त गर्न चाहन्छु।र जो उपचारको क्रममा अहिले पनि उपचार गरिरहनु भएको छ।उहाँहरु सवैको म शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु।र उपचारको क्रममा रहनुभएका सवै बिरामीहरुलाइ नेपाल सरकार प्रदेश सरकार स्थानीय सरकार सबै सरकारको त्यहाँ छिटो ध्यान पुगोस र उपचारमा उहाँहरुलाइ सहयोग होस भन्ने यो सम्मानित सभाबाट म हार्दिक अनुरोध पनि गर्न चाहान्छु।र विश्व कोभिडको अवस्था हेर्ने हो भने मैले अघिनै पनि भनिसके अहिले बिहान साढे एघार बजेको यो अपडेट गर्दा नौ करोड एकतिस लाख चौरानब्बे हजार नौसय बाइस जनामा यो भएको चाँहि पाइन्छ।र

संक्रमितको संख्या र त्यसको साथसाथै बिस लाख चौध हजार सातसय उनतिस जनाको मृत्यू भएको पाइन्छ। र यसको सबैभन्दा ठुलो संख्या अमेरिका दुइ करोड तेत्तिस लाख चौवालिस हजार चारसय तेइस र त्यसपछि अमेरिकामा कोरोनाबाट मृत्यु भएको संख्या तिनलाख उनानब्बे हजार चौरासी र अमेरिकाको चौविस घण्टा भित्र कोरोनाबाट मृत्यु भएको संख्या हेर्ने हो भने तिनहजार छ सय एकहत्तर र भारतमा हालसम्म कोरोनाबाट संक्रमित हुनेको संख्या दश करोड पचपन्न लाख सात हजार नौसय पचासी र भारतमा कोरोनाबाट मृत्यु भएको संख्या हेर्ने हो भने एकलाख बाउन्न हजार दुइसय चौरहत्तर र भारतमा चौविस घण्टा भित्र कोरोनाबाट मृत्यु भएको संख्या एकसय एकासी र ब्राजिलमा हालसम्म कोरनाबाट संक्रमित हुनेको संख्या आठ करोड उनचालिस लाख तिन हजार चारसय वयानब्बे र ब्राजिलमा कोरनाबाट मृत्यु हुनेको संख्या दुइलाख आठ हजार दुइसय छयालिस र ब्राजिलमा चौबिस घण्टा भित्र कोरनाबाट मृत्यु भएको संख्या एकहजार एकसय एक यसरी तिनवटा अमेरिका,भारत,ब्राजिलको अवस्था यस्तो देखिन्छ।सभामुख महोदय,सम्पूर्ण संसारमा कोरनाबाट मृत्यु भएका र उपचारको क्रममा रहेका प्रति र मृत्यू भएका प्रति म भावपुर्ण श्रद्धान्जलि व्यक्त गर्न चाहान्छु।उपचारको क्रममा रहेका संसारै भरिका सम्पुर्ण दाजुभाई दिदिबैनीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु र यो क्रममा हाम्रो प्रदेश सरकारले वास्तवमा धैरै प्रयत्नहरु गरेको छ।गण्डकी प्रदेश सरकारले यसको शुरुदेखिनै नेपालमा पहिलोपटक २०७६ माघ ९ गते कोभिड १९ संक्रमण पुष्टि भएको थियो र त्यसबखत सम्म र यस प्रदेशका कोभिड १९संक्रमण नियन्त्रण र उपचार रोकथामका लागि आवश्यक कोभिड पुर्वाधार प्रयोगशाला र अनुभवि स्वास्थ्य जनशक्ति र अन्य उपकरण तथा स्वास्थ्य सामग्रीको अभाव थियो र माघ १२मा कोभिड १९ पुष्टि हुनासाथ गण्डकी प्रदेश सरकारले सम्बन्धित पुर्वतयारीका कार्य शुरु गरेको थियो।यसरी गण्डकी प्रदेश सरकारले हाम्रो यो क्षेत्रमा कोभिड शुरु हुने बित्तिकै आफ्ना सम्पुर्ण शक्तिलाई त्यहाँ लगाएको थियो।मुख्यमन्त्रीको नेतृत्वमा सबै कामहरु भएको थियो।र उपचार केन्द्र धौलागिरी अस्पताललाइ जिम्मेवारी दिएको संक्रमण बढदै गएको

अवस्थामा सबै जिल्ला अस्पतालहरु सामुदायिक निजी क्षेत्रका स्वास्थ्य संस्थाहरुमा समेत गरी चालिस वटा आइसोलेसन केन्द्र र एक हजार चारसय तेह्र शैय्या व्यवस्था गरेको थियो।त्यस्तै गरेर स्थानिय तहमा भएका पनि यसका लागि आवश्यक पर्ने शिशर र सामग्रीहरु सरकारले उपलब्ध गराँउदै आएको छ।यति धेरै प्रयासहरु गरे जुन त्यसको बिस्तृत बिवरण हिजो हाम्रो सामाजिक मन्त्रीज्यूले सम्मानित सभामा सबै कुराहरु राख्नु भएको छ।उहाँले राखेका ति सम्पुर्ण उपलब्धिहरु प्रति म हार्दिक समर्थन व्यक्त गर्न चाहान्छु र प्रदेश सरकारले आफ्नो जुन प्रयत्नहरु बढायो र यो हामी सबैको लागि एकखालको खुशिको र अहिले पनि त्यो पर्यत्नहरु बढीराखेको छ।सबै अस्पतालहरुको स्तर उन्नति गर्ने त्यहाँ आइसीयू वार्ड स्थापना गर्ने भेन्टिलेटरहरु थप्ने लगायतका धेरै कुराहरु सरकारले गरेको छ र जुन कुरा हाम्रो सामाजिक बिकास मन्त्रीले राख्नु भएको छ।त्यो प्रति मेरो पुर्ण समर्थन गर्न चाहान्छु।सभामुख महोदय,यो कोभिड १९ शुरु भएदेखि बास्तवमा करिव अस्ति एक डेड महिना अगाडी होला नेपालको एविसि टेलिभिजनले अब यो चाइनामा शुरु भएको हुनाले बर्तमान नेपालको राजदुत चिनिया राजदुत हाव उन चिलाइ यसले प्रश्न गरेको थियो तपाइँहरुले यति छिटो यसको इम्प्रुभ कसरी गर्नुभएको थियो कसरी रिकोभर भयो चाइनामा भनेर उसले प्रश्न गरिरहँदा उनको एउटा जबाफ थियोर हामीले तिनवटा एसहरुको प्रयोग गर्यौं भनेर भन्नु भएको थियो पहिलो एसमा उहाँले के भन्दै हुनुहुन्थ्यो भने साइन्स र टेक्नोलोजिको प्रयोग गर्यौं र दोस्रो एसमा चाँहि उहाँले के भन्दै हुनुहन्थ्यो भने हाम्रो सिस्टम चिनिया कम्युनिष्ट पार्टिको नेतृत्व र हाम्रो आफ्नो सिस्टम त्यसले काम गर्यो भनेर भन्दै हुनुहुन्थ्यो र तेस्रो एसमा उहाँले के भन्दै हुनुहुन्थ्यो भने वास्तवमा चिनिया संस्कृति हाम्रो प्रचलन हाम्रो परम्परा देशको लागि आवश्यक पर्दा सम्पुर्ण सबै एकजुट भएर लाग्ने र जस्तो सुकै वलिदान पनि गर्न तयार हुने सेक्रिफाइ त्यसरी उहाँले भन्दै हुनुहुन्थ्यो।मलाइ लाग्छ हामिले पनि हामि सबै मिलेर त्यस्तै गरेर एकखालको कामहरु गर्न सक्यौं भने हामिले जुनसुकै चुनौतिको पनि सामना गर्न सक्छौं।सभामुख महोदय,अहिले हामिले जसरी यो संकल्प प्रस्ताव मलाइ भन्नुहुन्छ

भने अझै हामि ढिला भयौंकी कोरोना शुरु हुने शुरुमै गरेको भए अझै राम्रो हुनेथियो सुनमा सुगन्ध त्यो नभएपनि अब करिब करिब कोरोनाको खोप आउने बेलामा हामिले यो प्रस्ताव ल्याएका छौं।यो पनि एकदम राम्रो छ।मलाइ लाग्छ हामिसँग हाम्रो अवधी भनेको डेड दुइ बर्ष पनि छैन।यो अवधीभर हामि यो जसरी यो संकल्प प्रस्ताब मार्फत सिङ्गो छ वटा प्रदेशलाई सिङ्गो देशलाइ हामिले एउटा एक खालको राम्रो शुरुवातको रुपमा सन्देश दिन खोजेका छौं।यसको निरन्तरता अझै भइरहोस सत्तापक्ष प्रतिपक्ष र सदनमा रहेका सबै दलहरुको यो बास्तवमा राम्रो कामको लागि भैरहोस भन्ने चाहान्छु र अन्त्यमा अझै पनि बिहान WHO को अपडेट अनुसार बिस हैन एक्काइस अझै चुनौतिपुर्ण रुपमा हुनेछ। कोरोनाको लागि भनेको हुँदा हामिले तिनवटा कोरानाबाट बच्नको लागि अनिवार्य हामिले मास्क लगाउने,स्यानिटाइजर वा हेन्डवास गर्ने र फरक दुरिमा बस्ने यो काम हामिले गर्नै पर्ने छ।यति आफ्नो बिचार राख्दै सम्मानित सभाबाट बिदा हुन चाहान्छु।धन्यबाद।

**माननीय सभामुख**-माननीय सदस्य श्री दिपक कोइरालालाइ छलफलमा भाग लिन समय दिन्छु।त्यसपछी माननीय सदस्य श्री ओमकला गौतम।

**माननीय सदस्य श्री दिपक कोइराला**- माननीय सभामुख महोदय,हामि प्रदेश सभा नियमावलीको नियम ८५ (१) अनुसार यो कोरोनासँग सम्वन्धित संकल्प प्रस्तावमा माननीय श्री कृष्णचन्द्र पोखरेल नेपाली प्रस्तावक रहनु भएको संकल्प प्रस्ताव माथी छलफलको क्रममा छौं।धेरै विषयहरु यस बारेमा अगाडी पनि चर्चा भैसकेको छ।माननीय मन्त्रीज्यूले यो बारेमा धेरै मन्त्रालयको कामको सन्दर्भमा डाटा सहित विषयहरु पनि राखिसक्नु भएको छ।त्यो पछाडी पनि धेरै जना माननीय सदस्यहरुले यो बारेमा आफ्ना भनाइहरु राखिसक्नु भएको छ।म सबभन्दा पहिला यो अपेक्षा गर्दछु की सामाजिक विकास मन्त्रीज्यूले जे डेटा यहाँ पेश गर्नु भयो।हाम्रो पर्यटन मन्त्रीले मूल्यबृद्धिमा भएको एक बर्ष अगाडीको डेटा पेश गरे जस्तो सायद भएको छैन होला भन्ने म अपेक्षा राख्दछु र मेरो भनाई शुरु गर्नुभन्दा अगाडी दुइवटा आज पढिएका समाचारहरुमा आएका दुइवटा

भनाइलाइ शुरुमा यहाँ राख्न चाहान्छु र त्यसपछि मेरो भनाइहरु अगाडी लैजान अनुमति चाहान्छु।अनि सभामुख महोदय कोरोना ग्राफ उकालो लाग्दा जनतामा त्रास उत्पन्न हुँदा आइसोलेसन व्यवस्थित नहुँदा र जनता उपचार नै नपाएर मर्ने अवस्था हुँदा संसदले कोभिड सम्बन्धि प्रस्ताव अस्विकृत गरिदियो आज यस्तो बेलामा कोभिड सम्बन्धि प्रस्ताव साझा प्रस्तावको रुपमा बन्यो।सत्तापक्ष र बिपक्षले राजनितिक संकटका कारण सरकारको पक्ष र बिपक्षमा हजारौं हजार मानिसहरु कोरानालाइ चुनौती दिदै सडकमा निक्लिरहेका छन।कोभिडको बिषयमा सबै दलहरु एक भएको सन्देश दिन खोजिए पनि राजनितिक स्वार्थ मिलेका कारण साझा संकल्प बनेको त हैन एउटा गम्भिर प्रश्न उठाइएको रहेछ मेरो भनाइ हैन है फेरी यो खालि समचारलाइ मात्रै उद्धरण गरेको। त्यस्तै माननीय सभामुख महोदय अर्को एउटा समाचारको उद्धरणलाइ म लिन्छु।तिस अरब भन्दा बढी खर्च हुने बेलाको चुनाबको लागि ढुक्क हुनु तर पहिलो प्राथामिकतामा रहनु पर्ने खोपको लागि चन्दा उठाउन खोज्नु जनस्वास्थ्यमा खेलाचि हो र सरकार खेलाचि होइन र सरकारको यस्तो बिरोधाभास कुराले हामि कहाँ पुग्छौं भनेर अर्को एकजना बिज्ञले प्रश्न उठाउनु भयो।यति भैसकेपछी मलाइ सायद यो प्रस्तावको बारेमा धेरै बोलिराख्नु पर्छ जस्तो मलाइ लाग्दैन फेरी मेरो यो भनाइ नभएको कारणले मेरो पनि आफ्नो भनाइ राख्नुपर्यो भनेर मात्र म केहि कुरा अगाडी बढाउन अनुमति चाहान्छु।कोभिडको लागि जे प्रस्ताव हामिले अघिल्लो पटक यो प्रस्ताव हामिले यो सदनबाट फेल गर्यौ त्यहाँ केही प्रस्तावक माननीय ज्यूहरुको पनि केहि कमी त पायौं किन भने हामीले त्यसबारेमा अलिकति छलफल हुनुपर्यो भनेर भन्याथियौं कंग्रेसका साथीसँग मैले नै भेटदाखेरी भने अलिकति यो बारेमा अलिकति छलफल बनाएर किनकि संकल्प प्रस्ताव जुन बिशेष अवस्थामा मात्रै नै संकल्पको रुपमा अगाडि लान्छौं। संसदको साझा प्रस्ताव हुनु पर्ने थियो किनकि त्यो बारेमा अलिकति होमवर्क गरेर पनि नहुँदा अर्को कुरा हुन्थ्यो तर यसमा अलिकति होमवर्कनै भएनकी भन्ने मेरो त्यतिवेला पनि अवजेक्सन थियो।र त्यो बेला त्यो हुन सकेन तैपनि हामीले यसलाइ अस्विकृत गर्यौं।जतिवेला स्विकृत गर्नुपर्थ्यो,त्यतिवेला

अस्विकृत भयो भन्ने कुरा सत्य नै हो कि जस्तो लाग्छ त्यसमा हामीले आ-आफ्नो ठाँउमा भुमिका निर्वाह गर्यौ के गर्यौ के गरेनौं यो सबैलाइ थाहा छ।त्यसको व्याख्या म गर्दिन खैर जेहोस यो बेलामा आयो जुन बेलामा आयो त्यो बेलामा पनि महत्वपुर्ण रुपमा नै आयो भन्ने ठान्यौं र त्यसलाइ सकारात्मक रुपमा नै अगाडी बढ्यौं फेरी त्यसमा मेरो नकारात्मक टिप्पणी हुदै होइन। सभामुख ज्यू मेरो त्यसमा नकारात्मक टिप्पणी होइन तर हामिले बेला घर्किसकेपछी भन्दा बेला छँदै गर्न पाएको भए अझै राम्रो हुन्थ्योकि यो मात्रै यसमा मेरो भनाइ हो तर आज पनि जुन रुपमा यो सदन एक ठाँउमा उभिएको छ।यो संसद एक ठाँउमा उभिएको छ।कोभिड मात्रै हैन कोभिड लगायत अरु पनि आउन सक्ने अरु यस्ता धेरै महामारीहरु आउन सक्दछन।अरु धेरै राजनैतिक संकट देशमा देखिएको छ।त्यसमा पनि हामि एक भएर अगाडी बढन सकौं। प्रतिगमनका बिरुद्ध संयुक्त रुपमा आन्दोलन गर्न सकौं, त्यो पनि म अपेक्षा गर्दछु।यो एउटा प्रस्थान बिन्दु पनि हुन सक्तछ।राजनैतिक कुरा मुख्य कुरा हो।राजनैतिक कुरा मेजर कुरा हो।किनकि राजनितिले सबै कुराको निर्धारण गर्दछ। राजनितिले नै देशको कुरा गर्ने हो भनिसकेपछी त्यसकारण आज जे राजनितिक संकट देशमा आएको छ।संबिधान माथी जे संकट पैदा भएको छ।संबैधानिक संकट पैदा भएको छ। त्यसको पक्ष त्यसको बिरुद्धमा संबैधानिकताको पक्षमा पनि एउटा एकरुप भावनाका साथ अगाडी बढ्न सकौं यसले एउटा प्रस्थान बिन्दु पनि बनाउन सकोस भन्ने कुरा पनि म राख्न चाहान्छु।माननीय सभामुख महोदय, मैले यति कुरा राखिसकेपछी म एउटा कोभिडको पेशेण्ट पनि भएको कारणले मैले अलिकति अनुभब सुनाउनै पर्छ जस्तो लाग्दछ।मैले गरेको अनुभब मैले आँफैले सुनाइन भने म आँफै पनि कोभिडको पेशेण्ट हो।त्यसकारणले मैले आफ्नो अनुभब पनि अलिकति सुनाउनु पर्छ।हुनत सरकारले कोभिडको निशुल्क रुपमा उपचार गरिएको छ भनीएको छ। भनिराखेको छ निशुल्क पनि छैन भन्दिन तर हाम्रो निशुल्क कस्तो छ भने पिसिआर रिपोट ११ दिनपछी जहाँ हामिले निशुल्क रुपमा पिसिआर रिपोट ११ दिनपछी आँउछ। निशुल्क त हामीले निशुल्क नै पाएको हो त्यसमा निशुल्क गरेन सरकारले म

भन्दिन तर ११ दिनपछी पिसिआर रिपोट निशुल्क दिनु र सशुल्क दिनुको के अर्थ भयो।निशुल्क उपचार निशुल्कै भएको छ।मैले हेरे निशुल्क उपचार भएको ठाँउमा मैले गएर पनि हेरे कि आज बेलुका ६ बजे आज साँझ ६ बजेबाट भोलि बिहान ६ बजेसम्म बिरामीले सास फेर्न नसकेर सास फेर्न सकेको छैन बिरामीका आफन्त देखिका वरिपरीका सारा सबै मानीसहरुले ढक ढक हस्पिटल नर्स देखि प्रशासन सरकार सबैलाइ गुहार्चन तर भोलिपल्ट बिहान जतिवेला उसको सास गैसकेको हुन्छ त्यसबेला नर्सले आएर अक्सिजन चेक गरेछ।जतिवेला उ मरिसकेको छ।निशुल्क छ निशुल्क उपचार भएको हो नि त्यसको शुल्क त लिएको छैन हस्पिटलले तर उपचार कस्तो दिएको छ।हामिले जहाँ निशुल्क भनिरहेका छौं त्यहाँ हाम्रो उपचारको व्यवस्थापन कस्तो छ भन्ने कुरा अलि गहिरो गरि हेर्न पर्यो।त्यो हेर्न नसक्दा समस्याहरु पैदा भएका छन हामी घोषणा त गरेका छौं।हामिले निशुल्क पाउनु पर्ने औषधी हाम्रो प्रशासनले दिदैन, निशुल्क गर्नुपर्ने यो उपचार हुन्छ भने निशुल्क र सशुल्कको के अर्थ निशुल्क गरेको छु भनेर केही अर्थ छैन त्यसकारण ११ दिन उ कोभिडबाट सञ्चो हुने बेला भैसक्यो।त्यो बेला बल्ल उसको रिपोट दिन्छ।निशुल्क गर्दा तर उसले सशुल्क गर्दा उसले चार घण्टा पछि पिसीआर रिपोट पाँउछ भने उसले ऋण गरेर पनि सशुल्क उपचार गर्नु पर्योकि परेन? ऋण गरेर पनि पिसीआर सशुल्क गर्न पर्योकि परेन हाम्रो सरकार भन्छ हामि निशुल्क गरेकै छौं जहाँ हामि निशुल्क गरेका छौं त्यहाँ जानुहुन्न अनि तपाइ प्राइभेटमा जानुहुन्छ त पैसा लागिहाल्छ भन्ने जवाफ सरकारले दिन्छ भने त्यो गैरजिम्मेवार जवाफ हो।निशुल्क भए समयमा उपचार हुनुपर्यो।म यति अनुरोध गर्दछु कि आज जुन निशुल्क स्वास्थ्य दिइरहेको दिल्लीको केजरीवाल जत्तिको त कम्तिमा गर्न सक्नु पर्यो हामिले निशुल्क भनेको त्यो हो। सरकारी हस्पिटलमा बेड नपाउँदा प्राइभेट हस्पिटलमा गएर पनि उसले उपचार पाउँछ र प्राइभेट हस्पिटलले त्यसको उपचार खर्च सरकार सँग माग्छ तर पेसेन्टसँग माग्दैन भने त्यो उपचार हो।तर हामि प्राइभेट हस्पिटलमा जाने बित्तिकै किन गइस त सरकारी हस्पिटलमा बेड छैन, बेड नपाएर टेक्सीमा, गाडीमा मानिसहरुको मृत्यू भैरहेको छ।जहाँ बेड नै छैन बेड नै नभएको

ठाँउमा कसरी जाने हो बाध्यताले प्राइभेट हस्पिटल गैरहेको छ, सरकार भन्छ त किन प्राइभेट हस्पिटलमा गइस जवाफ के छ प्राइभेट हस्पिटलमा गएपछि त खर्च हुन्छ।नगएर कहाँ जाने बेड नपाएर जतिवेला म कोभिडको पेसेण्ट थिए त्यतिवेला बेड नपाउने अवस्था कस्तो थियो भन्ने कुरा मैले नजिकबाट अनुभूति गरे मैले त्यो अनुभूति राम्रोसँग गरे होइन मेरो लागि त मलाइ चार घण्टामा पिसिआर रिपोर्ट दिइयो तर मेरो नजरबाट हेरियो भने मैले हेरे भने यो देशमा स्वास्थ्य क्षेत्रमा समाजबाद आएको छ भनेर भन्छु। तर एघार दिनसम्म जल्ले पिसिआरको रिपोर्ट पाएको छैन उसले एघार दिनसम्म पिसिआरको रिपोर्ट नपाउँदा कस्तो पिडा अनुभूति गरेहोला भनेर एकचोटी सोच्यो भने मलाइ किन त्यसको छिटो रिपोर्ट पाए होला भनेर आत्मग्लानी पनि भयो। त्यसकारण हाम्रो सिस्टम कस्तो छ। हामी के घोषणा मात्र गरिरहेका छौं यो सिस्टमको हामी फ्लो गरेका छैनौं।हाम्रो प्रशासनले कसरी काम गरिरहेको छ भन्ने कुरा हामिले राम्रोसँग हेरिरहेका छैनौं।के घोषणा गर्नु मात्रै सबै कुरा हो त यस्ता एकाध मैले उदाहरण मात्र भनेको हो।के बार्ह घण्टासम्म मान्छे छटपटाएर उपचार नपाएर मेरो आँखाले हेरेर आएको।मैले आँफै हेरेर आएको।यहाँ हिजो पनि एकजना माननीयज्यूले भन्नुभयो आफ्नो परिवारको पिडा तर तर उहाँले खुलेर भन्न सक्नुभएन।तिन जना बाँचेकोमा खुशि छु म एकजना भन्दा थोरै प्रतिशत मात्रै भन्नुभयो।तर भन्ने हिम्मत गर्नु भएन जस्तो मलाइ लाग्छ कि हामिले व्यवस्थापन गर्दागर्दै नहुनु र व्यवस्थापनमा नगर्नुको ठूलो अन्तर छ।हामिले गरेर नहुनुमा नगरेर नहुनुमा धेरै अन्तर छ। हामिले गर्यौं अमेरिकामा हामि भन्छौं अमेरिकाले सक्या छैन अरे बाबा अमेरिकाले नसकेका कुरा गरौंन के बिग्रीयो अमेरिकाले सक्या छैन हामि कसरी सक्ने त्यो जबाफ जिम्मेवार जवाफ हुन सक्तैन त्यसकारण यस्ता धेरै समस्याहरु जे हामिले झेलिरहेका छौं यो वावजुत पनि जसरी यो संकल्प प्रस्ताव आएको छ।यो संकल्प प्रस्तावको पक्षमा मेरो मत जाहेर गर्दछु र यो राम्रो भएको छ भन्ने राय राख्दछु।यो मञ्चबाट लोकतन्त्रको बारेमा कुरा गरौंकी जस्तो लाग्यो धेरै लोकतन्त्रको बारेमा जान्ने मान्छे त होइन लोकतन्त्र के रहेछ मैले अलिकति बुझिन। लोकतन्त्र भनेको बेला न कुबेला

संविधानमा नभएको व्यवस्था गरेर  ड्याम्म रोजेर मतपत्रमा ड्याम्म स्वस्तिक हान्नु लोकतन्त्र हो भनेर लोकतन्त्रको व्याख्या भएको सुन्छु।अनि म हुदै नहुने बैशाखको चुनाबमा प्रतिनिधि सभाको टिकट दिनुपर्यो मुख्यमन्त्रीज्यू म भोलिबाट यो सदनमा आँउदिन भनेर फेरी बेलुका नयाँ बिज्ञप्ति निकालेर भोलिपल्ट लुरुलुरु यहि सदनमा आएको देख्छु।लोकतन्त्र के हो लोकतन्त्र भनेको स्वस्तिक छाप हान्ने मात्र लोकतन्त्र हो। लोकतन्त्रमा जनताले खाना पाउनु पर्दैन? लोकतन्त्रमा उपचार पाउनु पर्दैन? लोकतन्त्रमा शिक्षा दिनु पर्दैन? लोकतन्त्रमा जनताका आवश्यकता पुरा गर्नु पर्दैन? चुनाब मात्र लोकतन्त्र हो? हरेक बर्ष चुनाब हुदैछ।लोकतन्त्रको परिभाषाबाट ब्याक भएर आएको छ।चुनाबमा गएपछि लोकतन्त्र भयो भनेर भन्ने हो भने चुनाब त हरेक बर्ष तिन बर्षमा चुनाब हुदैछ।चुनाबमा तिस अर्ब रुपैयाँ खर्च गर्छ सरकार चुनाबमा लोकतन्त्र दिन्छ सरकार तर कोभिडको लागि कोभिडको खोप किन्नको लागि हिजो अस्ति मात्रै सरकारले बैंक एकाउण्ट सार्वजनिक गरेको छ र चन्दा माग्दै छ, भिख मागेर खोप लगाउने अनि बेलान कुबेला तिसौं अरबको खर्च गरेर खर्च गर्ने चुनाब मात्र गर्नु लोकतन्त्र हो भने मेरो भन्नु केहि छैन तर लोकतन्त्रमा जनताका समस्या समाधान हुन्छन। शिक्षा, स्वास्थ्य, रोजगारीका समस्या समाधान हुन्छन भने त्यो लोकतन्त्रको पक्षमा आवाज उठाँउ। धन्यबाद,नमस्कार।

**माननीय सभामुख**-माननीय सदस्य श्री ओमकला गौतमलाइ छलफलमा भाग लिन समय दिन्छु।त्यसपछी माननीय सदस्य श्री खिम बिक्रम शाही।

**माननीय सदस्य श्री ओमकला गौतम-** माननीय सभामुख महोदय,माननीय कृष्णचन्द्र नेपालीले प्रदेश सभा नियमावलीको ८५को धारा (८१) अनुसार प्रस्ताब  गर्नु भएको संकल्प प्रस्ताबको म समर्थन गर्न चाहान्छु।सभामुख महोदय, इ. संवत २०१९ को अन्त्यमा चिनको हुवानबाट भ्रमण शुरु गरेको कोभिड १९ को यो महामारीले साइरन बजाँउदै युरोप अमेरिका नेपाल लगायत अधिकांश एशियाली राष्ट्रको जनजिवन अस्त

व्यस्त बनाँउदै आक्रन्त बनाएको आज एक बर्ष पुग्न लागेको छ।जतिवेला नेपालमा कोरानाको प्रभाब कम थियो त्यतिवेला सरकारलाइ हामीले यो महामारीले नेपाललाइ शुपारी पठाइसकेको छ बाजा बजिसकेका छन शंख फुकिसकेको छ।अब हाम्रो प्रदेशको तयारी तिव्र गतिमा बढाउनु पर्छ।विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुरुप क्वारिटिन, आइसोलेसन, पिसीआर टेष्ट मेशिन खरिद, भन्टिलेटर आवश्यक स्वास्थ्य जनशक्ति आइसियु जस्ता आवश्यक जनताका जिवन रक्षा गर्ने स्वास्थ्य उपकरणको व्यवस्था गरौं विकास बरु पछि गरौंला मानिसको जीवन बचाउन भनेकै हो सभामुख महोदय त्यतिबेला सरकार मुक्तिनाथ र पशुपतिनाथले बचाउनु हुन्छ भनी लकडाउन गरी कानमा तेल हालेर भगवान पुकारेर बसेकै हो।सभामुख महोदय,त्यतिमात्रै हैन सभामुख महोदय नेपाली काँग्रेसले पटक पटक सरकार प्रमुखलाइ भेटी बुँदागत रुपमै ज्ञापन पत्र बुझाएकै हो।मौखिक रुपमै भनेको पनि हो।यही रोष्टमबाट अनय बिनय जनताको नाममा चिच्चाइ चिच्चाइ सभामुख महोदय जनता बचाँउ भनेकै हो।ज्ञापन पत्र पनि बुझाएकै हो माननीय सभामुख ज्यू,हाम्रो पार्टि नेपाली काँग्रेस बर्खे अधिवेशनमा नै नियमित अधिवेशन चलेको बेला कोराना नियन्त्रणको लागि जनजीवनको जिवन रक्षाको निम्ति संकल्प प्रसताव दर्ता गराएकै हो।प्रतिपक्षको हेर्ने प्रतिपक्षलाइ हेर्ने सरकारको नकारात्मक दृष्टिकोणका कारण वहुमतको आडमा प्रतिपक्षले ल्याएको भन्दै जनताको जिवनको खेलवाड गर्दै जनताको जिवन रक्षा गर्ने कुरामा सरकार चुकेकै हो सभामुख महोदय।जनताको जिवन रक्षा गर्ने संकल्प प्रस्तावलाइ प्रतिपक्षले ल्याएको कुरा र प्रतिपक्षले उठाएको कुरा अस्विकृत गरियो।र पनि हामि जनताको जिवन रक्षा गर्ने कुरामा हामि कानमा तेल हालेर बस्न सकेनौं।निरन्तर आवाज सदनमा,सडकमा र ब्यक्तिगत भेट्दा पनि हाम्रा आवाज उठिरहे।संविधानले व्यवस्था गरेको मौलिक अधिकार स्वास्थ्य, शिक्षा जस्ता कुरामा जनताले जो पाउनु पर्ने कुरामा अधिकारको बिषयमा सरकारलाइ रोष्टममा र सडकमा बढि चिच्चाइ चिच्चाइ माग्नुपर्ने जनताको लागि अनय विनय गर्नुपर्ने र त्यो कुर्चिको मर्यादालाइ अनादार गर्नुपर्ने आवश्यकता पनि थिएन सभामुख महोदय।तर हामि कराउन

छोडेनौं।उपचार नपाइ निशुल्क उपचार पाउनुपर्छ नभए नागरिक मर्न नपरोस भनी सदन समेत अबरुद्‌ध गरेको कुरा यो गरिमामय सभामा रेकर्डमै छ।मैले भनिरहनु पर्ला जस्तो लाग्दैन सभामुख महोदय।हामि जनप्रतिनिधी जनता प्रति जवाफदेहि उत्तरदायी नबने को बन्ने जनताको आवाज उठाउने सदन बर्खे अधिवेशन बन्द भयो र जनता कोरानाको चपेटामा परे लकडाउन पनि खुल्यो।नेपाली काँग्रेस पार्टि कानमा तेल राखी निदाउन सकेन जनता समाजबादी पार्टि र हाम्रो पार्टि नेपाली काँग्रेसले बिशेष अधिवेशनको माग गर्यो।नेपालको संविधानको धारा १८३ को उपधारा (३) बमोजिम आजै बिशेष अधिबेशनको गरिमामय सदनमा सभा चलेको छ।यो बिशेष अधिवेशन चलेको छ।आज संकल्प प्रस्तावले पनि स्थान पाएको छ।आज आएर सरकारको आँखाको पट्‌टि खुलेको छ।संकल्प प्रस्तावले स्थान पाएको छ।आँखाको पट्‌टि खुल्यो र तेह्र बुँदामा लिपीवद्‌ध गरेको यो संकल्प प्रस्ताव चार दलको साझा प्रस्ताव बनेको छ।यो पूर्ण रुपमा कार्यान्वयन होस भन्ने माग गर्न चाहान्छु र यो संकल्प प्रस्तावको सफलताको शुभकामना समेत दिन चाहान्छु।सम्पूर्ण प्रदेश बासी नागरिकका तर्फबाट कृतज्ञता ज्ञापन गर्न चाहान्छु। हुनत यहाँ विद्‌वान माननीयहरुको अभिव्यक्ति सुन्दा कति जनाको मृत्यू भयो र अब यो रोग नियन्त्रण भइसक्यो कोराना केहि होइन हामीले सवै व्यवस्थापन गरिसक्यौं।सरकार सचेत छ जस्ता गैरजिम्मेवार अभिव्यक्ति पनि यो गरिमामय सभामा गुञ्जिएकै छन। खुकुरीको चोट अचानालाइ मात्र थाहा हुन्छ।जसको कोरानाबाट मृत्यू भएको छ जसले आफ्नो परिवार गुमाएको छ।उसलाइ मात्र थाहा हुन्छ।आफन्त गुमाउनुको पिडा जो हस्पिटलको बेड नपाएर छटपटाएका छन उसलाइ मात्र थाहा हुन्छ त्यो पिडा कस्तो पिडा हुन्छ भनेर जसले बेड पाएको छैन जो वेडको नाममा भौतारिएको छ।जो सँग उपचार गर्ने खर्च पनि छैन उसलाइ मात्र थाहा हुन्छ सभामुख महोदय, त्यसको महामारीको पिडा के हुन्छ भनेर हुन त संघिय सरकारकै नेतृत्व अर्थात आशीर्वादको यो सदन संघीय सरकारको पिपल पाते नीति कहिले चाँही उपचार गर्छु भन्ने कहिले उपचार गर्दिन भन्ने जनता बचाउन र जनताको जिवन रक्षा गर्न पनि सर्वोच्चको आदेश कुर्नु पर्ने संघिय सरकारको

नीतिलाइ नै यो प्रदेश सरकारले अबलम्बन गरेको भए सायद त्यो हुन्थ्यो होला। मैले एउटा कुरामा धन्यबाद चाँहि के दिनुपर्छ भने यो प्रदेश सरकारलाइ उपचार हामी गर्दैनौं।भलाइ प्राइभेट हस्पिटलको पैसा तरेन बेड व्यवस्थापन गरेन यी सारा कुराहरु संकल्प प्रस्तावमा आएका छन तर उपचार गर्दिन भनेन यसको लागि मैले धन्यबाद दिनैपर्छ।बोली चाँही काम गरेन तर गर्दिन भनेर बोलेन त्यसलाइ म धन्यबाद दिन चाहान्छु। गर्छु भन्ने कतिवेला गर्दिन भन्ने संघीय सरकारको अनुरुप यो गएन परिक्षणको यो बर्तमान अवस्था हेर्दा कोरोना ...होइन सभामुख महोदय।परीक्षणको दायरा घटाइएको छ।परीक्षण गरिएको छैन र परीक्षणलाइ पनि के भनिएको छ भने सभामुख महोदय जतिवेला मान्छे छटपटिएर सिस्टम देखिएर ग्रसित भएर श्वास फेर्न गाह्रो भएपछि बल्ल जाने अरे हस्पिटल त्यो बेलासम्म मान्छेको मृत्यू भैसकेको हुन्छ।हाम्रो अगाडी एउटा उदाहरण छ माननीय बिन्दु थापा ज्यूको आफ्नो सासुलाइ बेड नपाएर बेड माग्दा हस्पिटलमा लौन मेरो सासुको जिवन बचाउनु पर्यो मेरो सासुलाइ बेड देउ भन्दा कुन चाँहि बिरामी मारौं र तेरो सासुलाइ बेड दिउँ भनेर हस्पिटलको मान्छेले जवाफ दिएको कुरा स्वंयम बिन्दु थापा ज्यू हुनुहुन्छ उहाँले अभिव्यक्ति दिनुहोला।र काठमाण्डौ लाने समेत समय पाउनु भएन पोखराको हरेक हस्पिटलमा उहाँ भौतारिएर हिडनुपर्यो।त्यसैले सभामुख महोदय,मैले बिनम्र आग्रह के गर्न चाहान्छु भने यो रातो कभरबाट लिपीवद्ध भएको १३ बुँदेलाइ अक्षरस पालन गरेर कार्यन्वयन गरोस यो सरकारले अघिनै देखि पूर्व माननीय ज्यूले भनिसक्नु भएको छ।साँच्चै त्यो केन्द्रको रोग यता पनि सर्छ र यो सरकार टिकाउन सहमति भएको हो भने यो जनताको नाममा खेलवाड हुनेछ यो दुर्भाग्य हुनेछ।त्यसैले यो सरकारको नाममा ल्याइएका १३ बुँदे लिपिवद्ध गरेर ल्याइएका यि बुँदाहरु अक्षरस कार्यान्वयन गर्न यो सरकार नचुकोस अगाडि बढोस भन्ने शुभकामना दिन चाहान्छु म।छिमेकी भारतले समेत यो कोराना बिरुद्धको खोप अस्ति मिति २०७७/१०/०३गतेबाट शुरु गरेको छ।हाम्रो प्रदेशमा छिटो भन्दा छिटो खोप ल्याइयोस जनताको जिवन रक्षा गर्ने  प्रदेश सरकार नचुकोस भन्दै यो बिषयमा सरकारलाइ म

शुभकामना दिन चाहान्छु र माननीय सभामुख महोदय, विषय र प्रसङ्ग अर्को होइन यही विशेष अधिबेशन चलिरेहेको बेलामा सार्वजनिक महत्वको बिषयमा प्रस्ताब दर्ता गराएर बजारमा अत्याधिक महङ्गि बढ्यो काला बजारी मौलायो भनेर हामीले प्रस्ताव दर्ता गरेका थियौं र माननीय मन्त्रीज्यू अत्यन्तै गम्भिरतापुर्वक सुनिरहनु भएको छ।माननीय मन्त्रीज्यूका अगाडी मैले दोहराउन पर्दैन रेकर्डेड छ।कहाँ छ महँङ्गी भनेर साँच्चिकै एक बर्ष अगाडि राष्ट्र बैंकको डाटा भनेर एउटा मान्युट बुक देखाउनु भएको थियो सौभाग्यबस आज छ दिनमा २८ गते होला सायद मन्त्रीज्यूले यो अभिब्यक्ति दिएको आज छ दिनमै उहाँका आँखाका पट्टि खुलेछन माननीय सभामुख महोदय मैले यो पेपरमा देखेको आँखाको पट्टि खुलेर नै होला।मैले यो पेपरमा पत्रिकामा देखेको यो फोटो पनि माननीय मन्त्रिज्युकै होला उहाँ कता अनुगमनमा जानु भएछ उहाँलेनै भेट्नु भएछ।साँच्चै महङ्गि बढेको कुरा तेलको कुरा मूल्यबृद्धि भएको कुरा साँच्चै चामलमा कालो बजारी भएको कुरा उहाँले नै स्वीकार्नु भएको छ।ढिलै भएपनि माननीय मन्त्रिज्यूको आँखाको पट्टि खुलेकोमा धन्यबाद दिन चाहान्छु।मन्त्रीज्यू यो सदनमा त्यत्रो खर्च गराएर जनताले पठाएको प्रतिनिधिद्वारा जनताद्वारा निर्वाचित हामि पनि मनगडन्ते कुरा गर्न आएको हैन माननीय सभामुख महोदय, मन्त्रिज्यूहरुले सरकार चलाउने ज्यूहरुले पनि त्यो बुझ्न पर्यो मनगडन्ते कुराको निम्ती होइन हामि सत्य तथ्यका आधारमा हामिले यहाँ आएर अभिब्यक्ति दिएका थियौं हामिसँग तथ्य प्रमाण सहित तेलका मूल्य, चामलका मूल्य, गिटी बालुवाका मूल्य भनेर हामिले तथ्य सहित दिंदा पनि हामिले मन्त्रिज्यूले ब्यंङ्गात्मक रुपमा कहिलेका कहाँका लिएर आए भनेर जुन अभिव्यक्ति दिनु भयो आज हजुरको आँखाको पट्टि खुलेकोमा माननीय सभामुख मार्फत म धन्यबाद दिन चाहान्छु।अत्याधिक मूल्य बृद्धि भएका कुरालाइ एकदिन अनुगमनमा गएर पेपरमा फोटो छापेर मात्र पुग्दैन मन्त्रिज्यू सभामुख महोदय यो सरकार महङ्गि नियन्त्रण गर्ने अनुगमनको टोलि खटाएर प्रत्येक बजारमा जाओस कालो बजारी मौलाएको छ।जनताले जिवन यापन गर्न पाएका छैनन।आज जनजिवन अस्तव्यस्त भएको छ।आजको यो

आवाज तमाम नेपालि जनताको आवाज यो प्रदेश बासीको आवाज हो।यो प्रदेशवासीको तर्फबाट बोल्दैछु यही प्रदेशबासीका तर्फबाट जनताले यहि आवाज बोल्नलाइ यहि काम गर्न पठाएको हो।त्यसैले सरकारले पनि जुन उद्‌देश्यका साथ सरकारको नेतृत्व गरेको छ।त्यसले प्रतिपक्षलाइ हेर्ने दृष्टिकोण परिवर्तन गरेर प्रतिपक्षको माननीय ज्यूहरुले भनेका सकारात्मक कुराहरुलाइ पनि सकरात्मक रुपमा लिएर कार्यान्वयन गर्न तिर लागोस भन्ने मेरो भनाइ राख्दै मलाइ समय प्रदान गरिदिनु भएकोमा माननीय सभामुख ज्यूलाइ धन्यबाद दिदै आफ्ना भनाइहरु अन्त्य गर्ने अनुमति चाहान्छु। धन्यबाद,जय नेपाल।

**माननीय सभामुख**-माननीय सदस्य श्री खिम बिक्रम शाहीलाइ छलफलमा भाग लिन समय दिन्छु।त्यसपछी माननीय सदस्य श्री धनमाया पोखरेल लामा।

**माननीय सदस्य श्री खिम बिक्रम शाही**-माननीय सभामुख महोदय,यो बिशेष अधिवेशन भित्र पनि कोभिड १९ को परिक्षण, उपचार, पुर्वाधार र खोप सम्बन्धि संकल्प प्रस्ताव माथी हामी छलफलमा जुटिराखेका छौं।यसलाइ प्रतिपक्ष दलका नेता माननीय कृष्णचन्द्र नेपाली पोखरेल ज्यूले प्रस्ताव गर्नु भएको छ भने यस गण्डकी प्रदेश सभामा भएका राष्ट्रिय जनमोर्चा समेतका सबै दलका प्रतिनिधिज्यूहरुले समर्थन गर्नु भएको छ।यसरी यो प्रस्ताव सर्वसम्मति प्रस्ताव पनि भएको छ।तेह्रवटा बुँदामा प्रस्ताव गरिएको एक प्रकारको दस्तावेज पनि हो।हाल नेपाल लगायत बिश्वभरका आम जनताहरुलाइ यस कोभिड १९ले आक्रन्त बनाएकोले कतिपयको मृत्यू समेत भएको छ।गण्डकी प्रदेशमा गएको पौष मसान्त सम्म १९६ जनाको मृत्यु भएको छ भने त्यतिवेलासम्म ६२६ जना संक्रमित छन।मृतकहरु प्रति हार्दिक श्रद्‌धान्जली र संक्रमितहरु प्रति शिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु।यसैमा फेरी कोभिड १९ भन्दा बढी खतरनाक भेरियन्ट एक नामक भाइरस थुप्रै देशहरुमा फैलिएको छ।यसले हाम्रो देश नेपाल पनि अछुतो रहने छैन।यसलाइ पनि ध्यान दिदै संक्रमित ब्यक्तिहरुलाइ निशुल्क उपचार गराउन तर्फ

ध्यान जान जरुरी छ।छिमेकी देश भारत लगायत बिभिन्न देशमा कोभिड १९ बिरुद्धको खोप उत्पादन गरेर पनि लगाउन समेत लागेको अवस्थामा अब हामीले पनि ढिला नगरी खोपको खरिदको व्यवस्था मिलाउनु पर्दछ।त्यसको लागि आवश्यक जनशक्ति र उपकरणको आवश्यकता पर्छ।कतिपय अस्पतालहरुमा स्वास्थ्य संस्थामा दरबन्दी नै छैन कतिपयमा दरबन्दी अनुसार दक्ष जनशक्ति छैनन।यसलाइ पनि ध्यान दिन जरुरी छ।यो प्रस्तावमा पहिला हामीले हारेका थियौं।तर अहिले जित्यौं भन्ने जस्तो आवाज प्रतिपक्ष दलका माननीय ज्यूहरुबाट आएको छ।मलाइ त्यो हार र जित जस्तो लाग्दैन किनभने यो प्रस्ताव सर्वसम्मतिको प्रस्ताव भएको हुनाले हामी सबैले जितेका छौं।माननीय सभामुख ज्यू बुँदानं ५मा कोभिड १९ संक्रमण रोकथाम नियन्त्रण व्यवस्थापन र उपचार व्यवस्थाका साथै नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हक कार्यान्वयनको अवस्था अनुगमन निरीक्षण एवं सहजीकरण समेत गर्ने गरी संयूक्त संसदीय अनुगमन समिति गठन गर्ने भनेको छ।यसले सरकारलाइ सहयोग नै पुग्ला यो राम्रो पनि छ।कोभिड १९ शक्रमण रोकथाम र नियन्त्रण गर्न सरकारले बनाएको मापदण्डलाइ खोइ हामीले मानेको।अहिले देशमा सरकार पक्ष र सरकारका विपक्षमा नेता कार्यकर्ताहरुले यसलाइ ध्यानै नगरी ठूला ठूला भेला तथा सभाहरु गर्दै हिंडेका छन।यही हो कोभिड १९ संक्रमणको रोकथाम यहि हो नियन्त्रण त्यो भेलामा र सभामा विश्वभरी फैलिएको कोराना भाइरसको नियन्त्रण र रोकथामको बारेमा कुरा उठदैन।खालि संसद बिगठन बारेमा कसैले त्यसलाइ असंवैधानिक भनेको छ।कसैले त्यसलाइ संबैधानिक भनेको छ।सवाल जबाफ गरिरहेका छन।यस अघि भएको संसद विघटनलाइ कसैले त्यतिबेलाको संसद संबिधानमा व्यवस्था भएको थियो भनेर आँफुले संरक्षण गरेको प्रधानमन्त्रीले गरेको कुरा ठिक थियो भन्नु भएको छ।तर म भन्छु प्रधानमन्त्रीज्युलाइ त्यो अधिकार थियो होला।भनेर अहिले वा पहिले जोसुकै प्रधानमन्त्री भए पनि संसद विघटन नगर्नुपर्थ्यो।मानौं गाडी चलाउने ड्राइभरबाट घट्ना घटेर कसैको मृत्यु भयो भने लाइसेन्स भएको ड्राइभरले कुनै न कुनै पार पाँउछ तर त्यहि ड्राइभरले लाइसेन्स छ

भन्दैमा जानी जानी मान्छेलाइ हान्यो भने के हुन्छ।त्यसकारणले प्रधानमन्त्रीज्युको यो कदमले अस्थिरता पैदा भएको छ।तर जनताले स्थिर चाहेर नेपाल कम्युनिष्ट पार्टि नेकपालाइ मत दिएका र बहुमतको सरकार बनाएका थिए।माननीय सभामुख ज्यू गण्डकी प्रदेश सरकारले केहि नगरेको भन्ने होइन केहि न केहि गरेको छ।फेरी सरकारमा बसेपछि सरकारले गर्नुपर्ने काम त गर्नुनै पर्यो।प्रतिपक्ष भएपछि प्रतिपक्षको भुमिका पनि खेल्न नि पर्यो।हामि साँसद जनप्रतिनिधि भएपछि जनप्रतिनिधिले आफ्नो भुमिका खेल्ननि पर्यो।सरकारले कोभिड १९ को नियन्त्रणको लागि थुप्रै पर्यत्नहरुको शुभारम्भ गरेको थियो।गर्दा गर्दै पनि कतिपय बाधाहरु छन।अडचनहरु छन।ति कुनै क्षेत्र केन्द्रको कुनै क्षेत्र प्रदेशको कुनै क्षेत्र स्थानिय तहको कसले कहाँ गर्ने होडबाजि चलिरहेको छ।संघीयताले ल्याएको अप्ठायारो भनेकै यहि हो।संघियताले सबै कार्य देशमा सम्भव भएको भन्नुहुन्छ नी भित्र आत्माले मानेको छैन तर बाहिर भन्न परेको थियो।संघीयता आँफैमा नराम्रो होइन हाम्रो जस्तो गरिब मुलुकमा संघियता कार्यान्वयन हुन सक्दैन भयो भने देश टुक्रिन पनि सक्छ।सभामुख महोदय,यो गण्डकी प्रदेशमा भएका सबै दलको सर्वसम्मतिमा जुन संकल्प प्रस्ताव यस सदनमा पेश भएको छ।यसको लागि पास गरेर मात्र हुदैन।कार्यान्वयन गर्न पर्छ कार्यान्वयनका लागि र सफल पार्नको लागि सभामुख मार्फत गण्डकी प्रदेश सरकारलाइ हार्दिक हार्दिक अनुरोध गर्दछु।र सरकारलाइ यस प्रकारको कार्यक्रमको कार्यान्वयनमा सम्पुर्ण सांसदहरुले सहयोग गर्नु पर्दछ र गर्नेछौं।अर्को कुरा यो कोभिड १९ को कारण भ्रष्टाचार बढेको छ।बेरोजगारी बढेको छ र गरिवी पनि बढेको छ।यसलाइ नियन्त्रण गर्न आवश्यक छ। यस बाहेक अन्य काम पनि थुप्रै अधुरा छन त्यही कुरा म यहाँ भन्न गैरहेको छु।यसैमा पनि बाग्लुङ र म्याग्दी जस्ता जिल्लाहरुको गत बर्षको बर्षातको कारणले अति प्रभावित जिल्ला जहाँ थुप्रै मानव बस्ती बगाएर लग्यो।कतिपय वस्तीहरु धरापमा छन बिद्युत,खानेपानी सिंचाइ जस्ता अति आवश्यक योजनाहरुलाइ तटवन्धन गर्नुपर्ने हुन्छ।भैराखेको छ त्यस्ता जिल्लाहरुलाइ तटवन्धनका लागि तत्कालै थप बजेटको व्यवस्था गर्न र अपांङ्गता भएका व्यक्तिहरु जो

अहिले पनि परिचय पत्र प्राप्त छैन।त्यस्ता व्यक्तिहरुलाइ पालिका पालिकामानै परिचय पत्र दिने व्यवस्था मिलाउन गण्डकी प्रदेश सरकारलाइ बिनम्र अनुरोध गर्दछु र यस्ता व्यक्तिहरुलाइ शिक्षा, स्वास्थ्य र रोजगारका बिषयहरुमा पनि ध्यान दिन गण्डकी प्रदेश सरकारलाइ अनुरोध गर्दै मेरो भनाइको अन्त्य गर्दछु, धन्यबाद।

**माननीय सभामुख**-माननीय सदस्य श्री धनमाया पोखरेल लामालाइ छलफलमा भाग लिन समय दिन्छु।त्यसपछि माननीय सदस्य श्री लक्ष्मी सुनार।

**माननीय सदस्य श्री धनमाया पोखरेल लामा**-माननीय सभामुख महोदय,कोभिड १९ को परिक्षण,उपचार पुर्वाधार सम्वन्धि संकल्प प्रस्तावको पुर्ण समर्थन गर्दै छलफलमा भाग लिने अनुमति चाहान्छु।हाम्रो गण्डकी प्रदेश सभामा दोस्रो पटक जुन यव संकल्प प्रस्ताव आएको छ।यो सवै दलको साझा प्रस्तावको रुपमा आएको छ।यो भन्दा पहिला पनि प्रमुख प्रतिपक्ष दलबाट जुन यहाँ दर्ता भएको संकल्प प्रस्ताव यसै विषयबस्तुमा केन्द्रित भएर आएको थियो र हामि बिभिन्न राजनैतिक दलका माननीयज्यूहरु यहाँ उपस्थित छौं हामि यहाँ एउटा न एउटा दलमा आबद्ध छौं र हिजोको प्रस्ताव हामि यहाँ सहभागि भएको राजनैतिक दलको बिभिन्न स्वार्थ नमिल्दा यो सदनबाट संकल्प प्रस्ताव अस्विकृत भएको थियो।त्यो इतिहासलाइ हामिले फेरी आज सकरात्मक पक्षबाट यो संकल्प प्रस्तावलाइ गण्डकी प्रदेश सभाले सर्वसम्मत रुपमा पास गरेर गण्डकी प्रदेशको जुन जनताको जनजिविकाको प्रश्न साथै स्वास्थ्य सँग जोडिएको बिषयलाइ हामिले यहाँ सर्वसम्मति रुपमा छलफल गरेर यो सदनबाट पास गर्न गइरहेका छौं।यो हाम्रो प्रदेश सभाको लागि गौरवको बिषय हुन गैरहेको छ।माननीय सभामुख महोदय, विश्वम महामारीको रुपमा फैलिएको कोराना भाइरसको असर नेपालमा पनि रहयो।कोराना भाइरस प्रभावका कारण स्वास्थ्य, शिक्षा, यातायात, उद्योग, अर्थतन्त्र र अन्य व्यावसाय अस्त ब्यस्त अवस्थामा पुग्यो।कोराना भाइरस प्रभाबका कारण शिथिल अर्थतन्त्रलाइ पुरानै लयमा फर्काउन र हाम्रो यो मानब जिवनलाइ एउटा साधारण अवस्थामा लैजान

पनि हामी यो संकल्प प्रस्तावमा एकजुट हुन आवश्यक रहेको मैले महशुस गरेको छु।आज यो संकल्प प्रस्ताव सबै दलको साझा संकल्प प्रस्तावको रुपमा सम्मानित सभामा आएको छ।गण्डकी प्रदेशको यो साझा संकल्प प्रस्तावले हामीले यो गण्डकी प्रदेश सभालाइ अझ व्यवस्थित ढंगले अगाडी बढाउन र कोराना भाइरस विरुद्धको महामारीको लागि एकजुट भएर लाग्नको निमीत्त हामिलाइ एउटा मार्ग निर्देशन गरेको छ भन्ने मैले महशुस गरेको छु।संकल्प प्रस्ताव जुन यहाँ प्रस्ताव भएको छ यसलाइ हामिले सर्वसम्मत रुपमा पास गरेर यसलाइ हामिले पास गर्ने मात्रै होइन आगामी दिनमा कोभिड १९ प्रभावित जनताको जिउधनको रक्षा गर्न र आगामी दिनमा कोभिड १९ मात्र होइन अन्य रोगसँग लड्नको निमित्त पनि हामि पुर्णरुपमा तयारी रहनको लागि यो संकल्प प्रस्तावले महत्वपुर्ण भुमिका खेल्नेछ भन्ने मलाइ लागेको छ।माननीय सभामुख महोदय,पिसीआरको परिक्षण विधि साथै आवश्यक थप पिसिआर मेशिन खरिद गर्न, सरकारी अस्पतालहरुको पुर्वाधार निर्माण गर्न प्रदेश सरकार मातहातका अस्पतालहरुमा दरवन्दीको पदपुर्ति गर्न, कोराना भाइरस बिरुद्धको खोप खरिद, व्यवस्थापन तथा वितरण गर्न खोप खरिदको निमीत्त बजेटको व्यवस्थापन गर्न कोभिड १९ लक्षित बजेटको प्रभावकारी कार्यन्वयन गर्न यो संकल्प प्रस्तावले गण्डकी प्रदेश सरकारलाइ मार्ग प्रशस्त गरेको छ भन्ने मैले अनुभुति गरेको छु।माननीय सभामुख महोदय,बिशेष अधिवेशनको बिषयमा म केहि कुरा राख्ने अनुमति चाहान्छु।हामिले नेपालको संविधानको धारा १८३ को उपधारा ३ को प्रयोग गर्दै प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेस र जनता समाजवादी दलको संयुक्त पहलमा कोभिड १९ को परिक्षण उपचार पुर्वाधार खोप सम्वन्धि संकल्प प्रस्ताव र बजेट कार्यान्वयन, बेरोजगारी समस्या, मूल्यबृद्धि अर्थात महङ्गी जस्ता जरुरी सार्वजनिक महत्वको बिषयमा छलफल गर्ने अवसर प्राप्त भयो।छलफलको बिषय थियो जनताको जनजिविकाको प्रश्नमा। तर हामिले चालु अधिवेशनमा मैले के अनुभव गरेभने यो कतै नेकपा दलको एउटा भिडको मिटीङ हो कि भन्ने मैले अनुभुति गरे एकले अर्कालाइ आरोप प्रत्यारोप गरिरहेको छ।हो राष्ट्रिय राजनितीमा एउटा परिवर्तन आएको छ।यसको प्रत्यक्ष

असर प्रदेशमा पनि नपर्ला भन्न सकिन्न तर अहिलेको जुन बिषयबस्तु जुन जनता र जनजिविका सँग जोडेको बिषयबस्तु छ यसमा हामिले एकले अर्कोलाइ दोषारोपण गरेर हामि जिम्मेवारीबाट पन्छिन कदापि सक्दैनौं।र हामिले गण्डकी प्रदेश सभामा बिशेष अधिबेशनको आव्हान किन गरेको हो भने कोभिड लगायतका बिषयमा छलफल गरेर एउटा साझा धारणा बनाएर जनताको समस्यासँग जुध्नको निमित्त एउटा साझा धारणा बनाउनको निमित्त प्रदेश सभामा गण्डकी प्रदेश सरकारलाइ झकझकाउनको निमित्त यो आव्हान गरेको थियो।मैले यो करिब एक हप्ता अधिवेशन भित्रको छलफललाइ हेरिरहँदा मलाइ के अनुभब भयो भने नेकपाको जुन एउटा द्वन्द छ आन्तरिक द्वन्द त्यसको समाधान गर्ने हल गर्ने एउटा प्लेटफर्मको रुपमा हामिले गण्डकी प्रदेश सरकारलाई युज गरिरहेको हो कि भन्ने मैले अनुभुति गरे र मलाई लाग्छ मैले अनुरोध के गर्न चाहान्छु भने गण्डकी प्रदेश सरकार, सम्पूर्ण राजनैतिक दलको मित्रहरुलाइ म के भन्न चाहान्छु भने हामि पार्टी भित्र हरेक पार्टी भित्र अन्तर संघर्ष र द्वन्द छ त्यो पार्टि भित्रको अन्तर संघर्ष अन्तर द्वन्दलाइ हामिले आन्तरिक रुपमा व्यवस्थापन गर्न पर्छ र यो गण्डकी प्रदेश सभालाइ हाम्रो गरिमामा आँच नआउने गरी हामिले जेन्युन बिषयहरु जुन जनतासँग जोडेको बिषयहरुलाइ मुल बिषयबस्तु बनाएर लान सक्यौं भने हामि निश्चयनै गन्तवयमा पुग्छौं भन्ने मलाइ लाग्छ हामिले मूल्यबृद्धि बड्यो बजारमा भनेर हामिले यहाँ सार्वजनिक महत्वको बिषयबस्तुलाइ दर्ता गरि छलफलमा अगाडि बढायौं माननीय मन्त्रीज्यु उद्योग बन बाताबरण माननीय मन्त्रीज्यूले जवाफमा माननीय सदस्यहरुले डाटा कहाँबाट ल्याउनु भयो भन्ने खालको प्रश्न गर्नुभयो। हामिलाइ सरकारलाइ झकझकाएर यति सहयोग गर्नुभयो तपाँइहरुलाइ धन्यबाद भन्नु त कहाँ छ कहाँ यो पत्रिकामा आएको तथ्याङ्क होला भनेर उहाँले भनिरहँदा हामिले एकसय पच्चीस प्रतिशत सम्मको मूल्यबृद्धि बजारमा पाएको हामिले डाटा सहित यहाँ पेश गरेका थियौं।माननीय मन्त्रीज्यूले जवाफमा के भन्नुभयो भने बजारमा माननीय सदस्यले उठाए जस्तो मूल्यबृद्धि छैन जम्मा छ प्रतिशत मात्रै मूल्यबृद्धि छ भनेर त्यो झुट डाटा पेश गर्नुभयो

किनकी त्यो असार मसान्त सम्मको डाटा थियो अहिले हामि करिब छ महिनापछी एकसय पच्चीस प्रतिशत चाँहि बजारमा मूल्यबृद्धि भैरहेको अवस्था छ।उहाँले के सम्म भन्नुभयो भने उहाँहरुले कहाँबाट ल्याउनु भयो डाटा पत्रिकामा आएको के हो भनेर यहाँ आएर कोइस्चन गर्नु भयो।हामि के नेपालका पत्रकारिता सबै झुट होत उहाँको कुरा तेता पनि जान्छ।मैले आज मात्रै मन्त्रीज्युको फ्रन्ट पेजमा मैले फोटो सहितको न्यूजहरु देखेको थिए के त्यो पनि झुट हुन सक्छ।त उहाँको कुरालाइ यदि मान्ने हो भने आजको पत्रिका पनि हामिले झुट मान्न सक्छौं त र मेरो माननीय मन्त्रीज्यूलाइ के अनुरोध छ भने हामिले बिषयबस्तु केन्द्रित रहेर आफ्नो जवाफहरु दिन सक्यौं भने आफ्नो गरिमा वा वोज चाँहि बढिरहनेछ भन्ने मलाइ लाग्छ र मेरो गुनासो के छ भने हामि बिशेष महत्वको साथ हामि गण्डकी प्रदेश सभामा एउटै बिषयबस्तुमा बजेट कार्यान्वयन, बेरोजगारी समस्या, कोराना प्रभावका कारण थुप्रै समस्याहरु आइरहेको छ।त्यो बिषयबस्तुलाइ गण्डकी प्रदेश सरकारलाइ झकझकाउनका निमित्त नत्र भने साझा इस्युहरुमा साझा धारणा बनाइ त्यो समस्या समाधानका निमित्त हामिले यो प्रस्ताव ल्याइरहदा गण्डकी प्रदेश सरकारकै तर्फबाट यो प्रस्तावलाइ यो नियमित अधिवेशन भन्दा फरक खालको अधिवेशन हो।यो औपचारिकता पुरा गर्नको निमित्त मात्रै यो प्रस्ताव आइरहेको हो भन्ने हिसावले माननीय मन्त्रीज्यूले नै आफ्नो पार्टी भित्रको किचलोको कुरा ल्याएर रोष्टम भित्र मलाइ संघको टिकट दिनुहोस भन्ने एउटा मत जाहेर गर्नु भयो।शिर्ष राजनितिमा केन्द्रको टिकट माग्ने प्रदेशको टिकट माग्नु त स्वाभाविक कुरा हो।तर उहाँ यहाँ पदमा रहिरहँदा मलाइ केन्द्रको टिकट दिन पर्यो म प्रदेश सभा छोडेर जान्छु भनिरहँदा यो प्रदेश सभाको एउटा गरिमामा आँच आउने कुरा भएको कारणले आगामी दिनमा उहाँसग मेरो व्यक्तिगत रुपमा कुनै लेनदेन छैन म प्रदेश सभाको सदस्य भएको हैसियतले म यहाँ बसिरहँदा मलाइ मन्त्रीज्यूले त्यतिसम्म नभन्नु भएको भए हुन्थ्यो।बहालवाला मन्त्रीज्यूले म राजिनामा दिएर अहिले नै टिकट दिनुहोस म चुनाब लड्न जान्छु भन्ने हिसाबले कुरा गर्दा हिजो हामिले जनआन्दोलन,जनयुद्ध,मधेश आन्दोलन,थारु आन्दोलन हुँदै करिब सत्तरी बर्षको

संघर्ष पछाडी नेपालमा जुन संघीयता,समानुपातिक,समावेशी, धर्म निरपेक्षताको कुरालाइ सुनिश्चित गरेर हामिले एउटा २०७२ मा संविधानको घोषणा सँगसँगै हामि संघियतामा गैसकेको अवस्थामा जुन राष्ट्रिय राजनितीमा जुन प्रधानमन्त्रीज्यूले जुन असंवैधानिक कदम चाल्नु भयो यसको बिषयमा पनि म र मेरो पार्टीले यसको घोर आपत्ति भएको जानकारी गराँउदै र आगामी दिनमा प्रदेश सरकारलाई हरेक ठाँउमा हामिले सक्ने सहयोग गर्ने प्रतिवद्धता जाहेर गर्दै मेरो भनाइ यही अन्त्य गर्दछु।हवस त धन्यबाद।

**माननीय सभामुख**-माननीय सदस्य श्री लक्ष्मी सुनारलाई छलफलमा भाग लिन समय दिन्छु।त्यसपछी माननीय सदस्य श्री रामजी प्रसाद वराल।

**माननीय सदस्य श्री लक्ष्मी सुनार-** माननीय सभामुख ज्यू,गण्डकी प्रदेशमा बिशेष अधिवेशन शुरु भएको आज सातौं बैठकको शुरुवातमा छौं।पाँचौं बैठकमा यस सभामा कोभिड १९ सम्बन्धी संकल्प प्रस्तावको बिषय माथि छलफलको क्रममा छौं।यो साझा प्रस्ताव रहेको थियो।त्यस छलफलमा भाग लिन समय उपलब्ध गराउनु भएकोमा सर्वप्रथम सभामुख मार्फत माननीय ज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु।कोभिड १९ को कारण ज्यान गुमाउने प्रति हार्दिक श्रद्धान्जलि अर्पण गर्दै र उहाँको आत्माले शान्ति पाओस भन्दै र परिवार प्रति हार्दिक समवेदना टक्राउन चाहान्छु र उपचारको क्रममा रहेकालाइ स्वास्थ्य लाभको कामना गर्दछु।माननीय सभामुख ज्यू इस्वी सम्वत २०१९ को अन्त्यमा चिनको वुआन भन्ने शहरबाट शुरु भएको कोभिड १९ विश्वभरी फेलिइ युरोप र अमेरिका हुदै नेपाल लगायत अधिकांश देशहरुमा फैलिएको एक बर्ष हुन थालेको छ र एक बर्ष भित्रमा बैदेशिक रोजगारीमा फैलिएको छ।एक बर्ष भित्रमा यसले धेरै क्षति पुर्याउन पनि सफल भएको छ।बैदेशिक रोजगारमा रहेका व्यक्तिहरुले कतिले ज्यान गुमाउनु परेको छ भने कतिले रोजगारी छोडेर घरमा आएर बसेको अवस्था पनि छ।यतिवेला जनताहरु शोक, भोक र रोगको चपेटामा परेको अवस्था छ।यो बेला गण्डकी प्रदेश सरकार पनि मर्माहित रहेको छ।नेपालमा त्यतिवेला उनतिस सय उन्साठी घण्टा

लकडाउन गरिएको र गण्डकी प्रदेशमा समयमा नै नाकाबन्दी गरि बिदेशबाट आउनेहरुलाइ राख्नको लागि जिल्ला जिल्लामा र स्थानिय तहहरु सँग समन्वय गरि क्वारेन्टाइनको व्यवस्था गरियो र राहतको व्वस्था पनि प्रदेश सरकारले गरेको छ।कोभिड १९ नियन्त्रण गर्न कोभिड नियन्त्रण समिति गठन भएको छ।माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा उच्चस्तरिय समिति गठन भएको छ।प्रदेश सरकारले असार ३मा नै आर्थिक मामिला तथा योजना मन्त्रालयको अर्थ विविध शिर्षकबाट ४७ वटा स्थानिय तहहरुलाइ पचास हजार देखि दश लाख सम्म कोराइन्टाइन व्यवस्थाको लागि एक करोड त्रिपन्न लाख दिएको छ।विभिन्न जिल्ला अस्पतालहरुमा पूर्वाधार उपकरण र जनशक्ति र उपचारको व्यवस्था गरीसकेको छ र नभएको ठाँउमा पनि सोहि अनुशारको व्यवस्था गरिसकेको छ।यति भन्दा भन्दै मलाइ एउटा उखान टुक्का भन्न मन लाग्यो।बच्चा जन्माउने कैले भोटो सिउने पहिले भनेझै कोभिड १९ आउने पत्तै थिएन पहिलै औषधी उपकरणको व्यवस्था गर्न आवश्यकता थिएन जब यो रोग सबै देशहरुमा भित्रियो तब सवै उपकरण औषधिहरुको व्यवस्था प्रदेश सरकारले गरेको छ।माननीय सभामुख ज्यु शुरुमा हाम्रो देश नेपालमै पिसिआर चेक गर्ने मेशिननै थिएन पिसिआर चेक गर्न हङकङ पठाउनु पर्ने अवस्था थियो भने त्यसपछी प्रदेशस्तरिय पिसिआर मेशिनको व्यवस्था भयो र अहिले भने गण्डकी प्रदेश मातहतका जिल्लाहरुमा जिल्ला अस्पतालमा व्यवस्था गरी पिसिआर चेक भेरहेको छ र कुनै जिल्ला अस्पतालहरुमा केहि कारणबस ढिलै भएको अवस्था छ र त्यसलाइ पनि समयमै पिसिआर चेकको चेक गर्ने व्यवस्था प्रदेश सरकारले गरिरहेको छ।इस्वी संवत २०२० को अन्तमा कोराना बिरुद्ध भ्याक्सिन बनेको खवर पाइएको छ र बिभिन्न देशहरुमा खोपको पहिलो डोज दिइसकेको छ।नेपालमा पनि जनसंख्याको आधारमा बिस प्रतिशतलाइ पुग्ने गरी खोप उपलब्ध गराउने समाचार आइरहेको छ।यसको लागि गण्डकी प्रदेशका सबै खुशि रहेका छौं।माननीय सभामुख ज्यू अन्त्यमा के भन्न चाहान्छु भने कोराना बिरुद्ध खोप ल्याँउदा संक्रमणबाट ज्यान गुमाउने व्यक्तिको परिवारलाइ र अति विपन्न लक्षित बर्ग र एकल महिलालाइ पहिलो

प्राथामिकता दिन पर्छ भन्ने प्रदेश सरकार सँग म माग गर्न चाहान्छु।र यो संकल्प प्रस्ताव साझा प्रस्तावको रुपमा यस प्रति प्रदेश सरकारलाइ संकल्प प्रस्ताव माथी छलफल गर्दै यसलाइ धन्यबाद दिन चाहन्छु।धन्यबाद।

**माननीय सभामुख,** माननीय सदस्य श्री रामजी प्रसाद बराललाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछी माननीय सदस्य श्री ललितकला गुरुङ।

**माननीय सदस्य श्री रामजी प्रसाद बराल-**माननीय सभामुख महोदय,यो सम्मानित सदनमा बिशेष अधिवेशन चलिरहेको छ।बिशेष अधिवेशनको बिषय कोराना सित सम्बन्धित संकल्प प्रस्तावको बारेमा हामिले छलफल गरिरहेका छौं।सिङ्गो मानव जातिलाई नै चुनौति दिदै अदृश्य शत्रु कोभिड १९ सरुवा रोग कोरानाले मानब जिवन र मानव जिवन सँग सम्वन्धित सवै क्षेत्र अस्त व्यस्त भएको कुरा विदितै छ।यो साझा बैरीलाइ पराजित गरि विजय हुन सरकारका सवै तहमा सर्वदलिय संयन्त्र बनाई सामुहिक ढंगले खट्नु पर्ने बस्तुगत आवश्यकता बुझेर नै हाम्रो पार्टिका अध्यक्ष आदरणिय कम्रेड प्रचण्डले सरकारसँग प्रस्ताव राखेको कुरा सबैलाइ हेक्का छ होला तर प्रधानमन्त्रीजीले हावाको बेलुन बनाइदिनु भयो।संघीयतामा इमान्दार हुने हो भने कतै निष्ठापूर्वक लाग्न सकिने रहेछ भन्ने स्थानिय जनप्रतिनिधिहरुको कोराना व्यवस्थापनमा प्रस्ट देखिन्छ। संघीय सरकारको  पनि नाक जोगाउने काम स्थानिय सरकारले गरे।म धन्यबाद भन्न चाहान्छु। संघीयता समाप्त पार्न खोजिएको छ।डटेर प्रतिवाद गर्नका निम्ति म स्थानिय तहलाइ म अपिल अनुरोध गर्न चाहान्छु।आम जनता सहित सिमा नाकामा कोरानाकै कारण अलपत्र पारिएका आफ्नो पालिकाका जनतालाइ आँफै व्यवस्थापन गर्नि सम्मका कार्य अझै प्रशंसनिय छन।कोराना उपचार प्रकृयामा अग्र मोर्चामा खटिनु हुने स्वास्थ्यकर्मी र सुरक्षाकर्मी प्रति सम्मान सहित धन्यबाद दिन चाहान्छु।सभामुख महोदय, हाम्रो प्रदेशमा कोराना रोग नियन्त्रण गर्न सरकारले प्रयास गरेकै छ।पुरै उदाशिन

भएर बसेको म भन्न सक्तिन बेलैमा आधारभुत तयारी नीतिगत छलफल गरे जस्तो लाग्थ्यो तर व्यवहार किन बिलम्ब भएछ कुन्नी सरकार हुनुको नाताले केहि गर्नु ठुलो कुरो होइन केकेनै भएको छ भनेर देवत्वकरण गर्न खोज्नु दासत्वको मनोबिज्ञान र मानसिकता बाहेक केहि हैन जे होस यो सम्मानित सभामा कोराना सँग लड्न संकल्प प्रस्ताव साझा बनेको छ।यो खुशिको कुरा हो।तेह्रवटा बुँदा धेरै दुरगामी महत्वका छन सदनको साझा सम्पत्ति बनाउन मुख्य मन्त्री र सभामुख ज्यूको सरहानिय भुमिका रहन गयो।म खुलेर प्रशंसा गर्दछु।धन्यबाद छ।म आजै शंका पनि गर्दिन, तेह्र बुँदा कागजमा सिमीत हुनेछन।यसर्थ म पूर्ण रुपमा समर्थन गर्दछु।बेलैमा कार्यन्वयन हुने आशा सहित शुभकामना पनि भन्न चाहन्छु।हामीले पारित गरेका विषय प्रदेश सरकारको सामार्थ्यले मात्र साकार रुप दिन सक्तैन होला।संघिय सरकारको पनि साथ सहयोग जरुरी छ।तर संघिय सरकार नेपाली जनताको अथक मेहनत नेपाली सपुतहरुको रगत बेपत्ता योद्धाहरुको बलिदानी भावना सँग साटेको संविधानमा हुँदै नभएको अधिकार प्रयोग गरी मुटुमा छुरा रोपि मुर्छित पारी असंवैधानिक, अलोकतान्त्रिक, अनैतिक कदम चालि संसद बिघटन गरी कथित चुनावको नाटक मोचन गरिएको छ।प्रधानमन्त्रीको यो कदम प्रति बहुसंख्यक जनताले खेद प्रकट गरिरहेका छन म पनि खेद प्रकट गर्न चाहान्छु।जनतालाई खोप चाहिएको छ।सरकारको ध्यान प्रभावकारी खोपको व्यवस्थापन तर्फ हुनुपर्ने ठाँउमा बेमौसमी चुनाव किन? के मुलुकलाइ अस्थिरताको भुमरीमा धकेलेर कसको निर्देशनमा कसको भलो गर्न खोजेको हो।जनताले प्रश्न गरिरहेका छन।तानाशाहहरु कानुन मेरो अधिनमा हुन्छ,संसद मेरो खुट्टामा हुन्छ भन्छन।मलाइ लेखिएको केहि चाहिँदैन,मलाइ लेखिएको कानून बिधी विधान पद्धति तिनीहरुको लागि हो।नलेखेको जति मेरो हो भन्ने मात्र हैन त्यस्तै गर्ने गर्दछन।जस्तै हेनरिक एड बेलायती राजाले यसै भन्थे के प्रधानमन्त्री केपि ओली पनि यहि पथतिर लम्किनु भएको हो।यसर्थ मलाइ शंका छ, छिटो छरितो निशुल्क खोप जनताले पाउने छन।मेरो आशालाइ शंकामा नै सिमित गरिदिन काम चलाउ प्रधानमन्त्री र मूख्यमन्त्रीज्यू सँग अपिल गर्दछु।कोरानाको औषधी खरिद गर्ने सवालमा

ठेक्का कसलाइ ओम्नीलाइ कि अरु अरुलाइ लगायतका काण्ड जनताको दिलो दिमाखमा डेरा जमाएर बसेका छन।स्वाभिमान सँग जोडिएको एमसिसि लगायत काण्डै काण्ड निकै चर्चामा आए सरकारले छिटो छरितो सत्य,तथ्य निरुपण गरि स्पष्ट पार्यो।स्पष्ट पार्न भन्दा पार्टिको घेराबन्दी हुने वाह स्वाभिमान वाह सुशासन वाह लोकतन्त्र सभामुख महोदय,अब खोप ल्याउँदा के के हुने हो।के के सुन्न पर्ने हो भोलिका दिनले बताउला मेरो मुख्यमन्त्री प्रति आजसम्म सम्मान छ।प्रदेशको अधिकार प्राप्त गर्न प्रारभ्म देखिनै संघिय सरकारसँग सबै प्रदेशको साथ लिएर लड्नु भयो।प्रधानमन्त्रीले चालेको प्रतिगमनकारी बिरुद्ध पनि लड्नु हुनेछ।संसदलाइ ब्युताउने अभियानमा लाग्नु हुनेछ, चलाउनु हुनेछ, संघियता जोगाउनका लागि पर्नु हुनेछ तर आजभोली यहि सदनमा धारा ७६ को उपधाराहरुको अपव्याख्या गरेको सुनेको छु।यस्तै हो भने प्रदेशले संविधानले दिएको अधिकार पाउन पर्छ भनेर प्रारम्भमा जसरी तपाइ लड्नु भयो केवल चर्चा कमउने मनसाय रहेछ भन्ने बुझिने छ।मेरो सम्मानिय प्रधानमन्त्रीज्यूको बिचार दृष्टिकोण निकै तिखारीएको होला मुलुकको इतिहासमा सबैभन्दा श्रेष्ठ नेता भन्न पाइन्छ होला त्यो प्रकारको उचाइ प्राप्त गर्नु हुन्छ होला भन्ने मैले ठानेको थिए।मलाइ पटक्कै जोड्न मन थिएन प्रधानमन्त्रीसँग वयलगाडा मलाइ पटक्कै जोड्न मन थिएन उखान टुक्का कमेडि आदी आदी तर अफसोच प्रधानमन्त्री उहि पुरानो स्थानमा वयल गाडा उखान टुक्का मुलुकको दुरगति। यहाँ बिषय पनि उठेको छ।संघीयताको बारेमा संघीयताले टुक्राउँछ भन्ने कुरा यहाँ आवाजहरु सुनिन्छन।स्वाभाविक रुपमा संघीयताले सबै क्षेत्रको समानुपातिक ढंगले विकास गर्ने कुरा त्यहाँका जनताहरुको आवाज सुन्ने कुरा र त्यसलाइ ठिक ढंगले व्यवस्थापन गर्ने कुरा संघीयता मार्फत नै हुन्छ।संघीयता प्रति कहि आशङ्का नगर्नका निम्ती म अपिल गर्न चाहान्छु।संघियता नचाहाने एकात्मकबादी सोचलाइ हामिले पराजित गरेर यहाँ आइरहेका छौं।त्यसका अतिरिक्त हाम्रो पार्टी देशको नेतृत्व गरेको पार्टी हुनुको नाताले प्रधानमन्त्रीको गलत कदमको कारणले पार्टि बिभाजनको दिशातिर गएकै छ।त्यसो भएको हिसाबले यहाँ बिषयबस्तुहरु उठ्ने कुरा स्वाभाविक

छ।किनभने यो मुलुकको नेतृत्व गरेको पार्टि हो धैरै जनताले आशा अपेक्षा गरेका थिए अहिले कोही पनि खुशि छैनन।नत पार्टिका कार्यकर्ता खुशि छन नत जनता नै खुशि छन।न कोही खुशि छ।केपि अली पक्ष भन्दा बाहेक सबै राष्ट्र एकातिर केन्द्रित भएको छ।म अपिल गर्न चाहान्छु अनुरोध गर्न चाहान्छु हाम्रा सम्मानिय प्रधानमन्त्री केपी ओलीले जब गलत कदम चाल्नु भयो त्यसले साच्चै मुलुकलाई वर्रवादीको दिशातिर लाने प्रतिगमनको कदम जो चाँहि भएको छ।मुलुक अध्याँरो शुरङतिर पस्ने बनेको छ हामी सबै एक ढिक्का बनेर ठुलो त्याग र बलिदानबाट प्राप्त गरेको संघिय लोकतान्त्रिक प्रणालीलाइ संरक्षण गर्ने दिशातिर एकताबद्ध हौं म यो अपिल पनि गर्न चाहान्छु।र साथसाथै संकल्प प्रस्ताब यहाँ प्रस्तुत भएको छ मेरो तर्फबाट फेरी एकचोटि समर्थन जनाँउदै मेरा भनाइहरु यहि अन्त्य गर्दछु।धन्यबाद।

**माननीय सभामुख,** माननीय सदस्य श्री ललितकला गुरुङ्लाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछी माननीय सदस्य श्री इन्द्रधारा बिष्ट।

**माननीय सदस्य श्री ललितकला गुरुङ् –**माननीय सभामुख महोदय,आज बिशेष अधिवेशनको छैंटौं दिन माननीय कृष्णचन्द्र नेपाली पोखरेल ज्यूले दर्ता गर्नु भएको संकल्प प्रस्ताब माथिको छलफलको क्रममा छौं। चिनको वुहान शहरबाट शुरु भएको कोभिड १९ आज विश्व महामारीको रुपमा फैलदै धैरै जनताको प्राण पनि लियो।जति पनि मृत्यूवरण गर्नु भएको छ।उहाँहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु।परिवार जनमा समवेदना व्यक्त गर्दछु।बिरामी पर्नु भएका सबैको पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु।सभामुख महोदय,कोभिड १९ मुख्य समस्या रहँदा आज गण्डकी प्रदेश सरकार मुक्त कण्ठले यति गरे उति गरे सरकारको राम्रो कामको प्रशंसा गरिएन भनेर आवाज आए तर व्यवस्था गरिएका अस्पतालहरुमा डाक्टरहरु प्राबिधिकहरु उपलब्ध छन की छैनन बेड टुवाइलेट बाथरुम खानेपानी जस्ता अत्यावश्यक चिजहरुको स्थिति कस्तो छ

भन्ने कुराको अनुगमन अध्ययन पनि हुन आवश्यक छ।क्वारेन्टाइन र आइसोलेसनको रुपमा स्थापित स्थानहरु झन सजाय दिने ठाँउजस्ता भए त्यहाँ पुगेका बिरामीहरु झन तनाबमा भए बल्ल बल्ल समयावधी पुरा गरेर घर फिर्ता भए यो क्रम चलिरहेको छ।हामि रोष्टममा होस वा ज्ञापन पत्रमा उपचार र व्यवस्थापनको बारेमा सदा बोलिरहेका छौं।अस्पतालहरुमा पूर्वाधारको व्यवस्था भएपनि प्राविधिक नभएको र प्राविधिक भएपनि पूर्वाधार नभएको स्थिति छ।यस्ता समस्याहरुमा सवाल जवाफ भन्दा पनि व्यवस्थापन प्रतिवद्धता र कार्यान्वयन तर्फ लाग्दा हाम्रो दायित्व पुरा हुने थियो।सभामुख महोदय, आज यो बिशेष अधिवेशन बोलाइए पछि यो रोष्टम यहाँ दोहोरीस्थल जस्तो बनेको छ।हाम्रो भनाइ के हो भने हाम्रो प्रदेशका जनताहरु रोगले शोकले भोक महङ्गी बेरोजगार जस्ता कुराहरुमा तडपिन नपरोस यस्ता कुराहरुले जनताहरुलाइ नपिरलोस भन्ने न हो।त्यसकारण यो संकल्प प्रस्ताव माथी मेरो पूर्ण समर्थन रहेको जानकारी गराँउदै मेरो भनाइलाइ अन्त्य गर्न चाहान्छु।धन्यबाद,जय नेपाल।

**माननीय सभामुख-**माननीय सदस्य श्री इन्द्र धारा डादु बिष्टलाइ छलफलमा भाग लिन समय दिन्छु।

**माननीय सदस्य श्री इन्द्र धारा डादु बिष्ट**-सभामुख ज्यू, आज हामि बिशेष अधिवेशनको शिलशिलामा आज दोस्रो दिन परिपुरक अर्थात प्रकृया पुरा गरेको सबै दल अर्थात नेपाली कम्युनिष्ट पार्टि नेकपा एकातर्फ नेपाली काँग्रेस राष्ट्रिय जनमोर्चा र जनता समाजबादी पार्टि सबैको सहमति प्रस्ताव साझा संकल्प प्रस्ताव माथि हामी गण्डकी प्रदेश भित्रका सवै दल यो प्रस्ताव माथि सहमतिका साथ छलफल गर्दैछौं।र म पनि मेरो दलको तर्फबाट आफ्नो भनाइहरु राख्न उपस्थित भएको छु।सर्वप्रथम त कोभिड १९ को कारण विश्वभर ज्यान गुमाउनेहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछ।र यस रोगबाट संक्रमित हुनेहरु प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। सभामुख ज्यू यस साझा

संकल्पलाइ राजनैतिक आग्रह पूर्वाग्राहबाट माथि उठेर सवै दलहरुले यो कोराना जस्तो घातक महामारी बिरुद्धको लडाइमा सरकारलाइ साथ सहयोग सुझाब निर्देशन दिन ढिलै भएपनि सबै राजनैतिक दलको साझा निर्णय अर्थात प्रस्तावित म र मेरो दलको तर्फबाट शुभकामना सहित समर्थन छ र रहन्छ।सभामुख ज्यू डाक्टर देशमा जान चाहेनन यो कोराना भाइरस बिश्वमा यसरी आइदियो न यसको दबाइ थियो न यसको रुप रङ्गनै थियो। यो त महामारी मात्रै थिएन,हरेक क्षेत्रमा यसको नकारात्मक प्रभाव यसरी पर्यो कि मै हूँ भन्ने श्रोत साधन सम्पन्न शक्तिशाली राष्ट्रहरु समेत कोरोनाको सामु सायद मैले भनीराख्नु पर्छ जस्तो मलाइ लाग्दैन सबैलाइ जानकारी भएको बिषय हो। घुँडा टेकियो भन्दा पनि हुदैन होला तर म नेपाल सरकार प्रदेश सरकार र स्थानीय सरकारलाइ धन्यबाद भन्छु।WHO को निर्देशन र त्यस सम्बन्धित स्वास्थ्य कर्मीहरुको सल्लाहमा हाम्रो जस्तो सिमीत श्रोत साधनको बाबजुत पनि यो महामारीमा सरकारले चालेको हरेक कदमहरुले सफल दिशा समातेको महशुष हुन्छ। किनभने यो महामारीको प्रभाव हामिमा कस्तो रहयो भन्ने बिषय हो।कति संक्रमित भए, कति सन्चो भए, कतिले ज्यान गुमाउने भयो र अहिलेको स्थिति कस्तो छ भन्ने मुख्य बिषय हो जस्तो मलाई लाग्छ।त्यसैले अरु राष्ट्रमा यसको प्रभाव कस्तो रहयो, हाम्रोमा कस्तो रहयो? अरु प्रदेशमा यसको प्रभाव कस्तो भयो, हाम्रोमा कस्तो रहयो? त्यसरी तुलना गरेर हेर्ने दृष्टकोण राखियो भने सायद हाम्रो प्रदेशले यो युद्धलाइ जित हात पार्दैछ भन्ने मलाई महशुस हुन्छ सभामुख ज्यू। यो रोग मात्र थिएन दैनिकी चलाउनेको रोजी रोटी जोडिएको थियो।व्यवसायीकहरुको व्यापार व्यवसाय जोडिएको थियो र राष्ट्रको अर्थतन्त्र नै जोडिएको थियो त्यसैले यो हाम्रो सरकारहरुले धमाधम राहत प्याकेजहरु घोषणा गरेनकी व्यवसायीकहरुको राहत कोष स्थापना गरेनकी अर्थ चलायमान गर्न जेष्ठ महिनाको शुरुमै पुर्वाधार बिकासको कामहरु एसएमएसको आधारमा खुला गर्न निर्देशन दिएको थियो।त्यसैले होला त्यो समस्याहरुबाट पनि हामीले ठुलो उपलब्धि हाँसील गरेको महशुस हुन्छ।सभामुख ज्यू थोरै मेरो क्षेत्रलाइ जोड्न चाहे मलाइ गर्व लाग्छ। आज यो रोष्टमबाट धन्यबाद दिन पाँउदा

प्रदेश सरकारले भौतिक पुर्वाधार तथा विकास मन्त्रीज्यूको संयोजकमा तेस्रो मुलुकबाट आउने हाम्रो गण्डकी प्रदेश बासीको सहजीकरणको निम्ति मलाई मुस्ताङ जिल्लाको सहजीकरणमा संयोजकमा तोक्नु भएको थियो। सायद मलाइ लाग्छ हाम्रो बिस पच्चीस जना माननीय सदस्य ज्यूहरु पनि रहनु हुन्थ्यो।सभामुख ज्यू त्यही सन्दर्भलाइ जोडेर मैले सबैको सहयोगमा बिदेशबाट आउने मुस्ताङे दिदी बैनी तथा दाजुभाईहरुलाइ यही पोखरामा सुरक्षित बासको व्यवस्था साथै पिसीआर गराएपछि मात्रै सुरक्षित रुपमा घर पठाएको थिए। सायद त्यही कारणले होला मुस्ताङ जिल्लालाइ कोरानाले खासै प्रभाब पार्न सकेन र त्यसमा पनि मेरो निर्वाचन क्षेत्र दुइ गाँउपालिका लोमान्थाङ गाँउपालिका र लोघेकर दामोदर कुण्ड गाँउपालिकालाइ कोरानाले छुन समेत सकेन। यहि महत्वपूर्ण व्यवस्थाको लागि सहयोग गर्ने प्रदेश सरकार पोखरा महानगरपालिका पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान प्रयोगशाला जिल्ला र स्थानिय तहका जनप्रतिनिधी राष्ट्र सेवक कर्मचारी स्वास्थ्यकर्मी अशीहरु पत्राकार लामाजीहरु आमा समुहहरु युवा कल्बहरु र सचेत अनुशासित नागरिकहरुमा सभामुख ज्यू मार्फत म हार्दिक हार्दिक धन्यबाद भन्न चाहान्छु सभामुख ज्यू पूर्ववक्ता बिद्वान माननीय ज्यूहरुले यही संकल्प प्रस्ताव सत्ता पक्षका साथीहरुले हिजो फेल गरायो जस्तो बिषय प्रस्तुत गर्नु भएको थियो। हो फेल गराएकै हो। हुन्न भनेकै हो। तर किन भन्न बाध्य भए हामीहरु संकल्प जोडिएको कुनै पनि बिषयको प्रस्ताव सहमति र साझा रुपमा आउनु पर्ने थियो।त्यही अनुसार हामी पनि संकल्प प्रस्ताव आँउछ भन्ने जानकारी प्राप्त भएपछी फुल माला खादाले स्वागत गर्न पर्छ भन्ने हामी सत्ता पक्षका माननीय साथीहरु मुल गेटमा वेलकमको लागि कुरेको थिए। तर दुखका साथ भन्नु पर्छ मुल गेटबाट प्रवेश नभइ दुवै हातमा रजनी नामको मिठाइ समाति झ्यालबाट भित्र प्रवेश गर्नुभएछ।अब भन्नुहोस झ्यालबाट प्रवेश गरेपछी के हुन्छ त्यो मैले भनीराख्नुपर्छ जस्तो लाग्दैन किनभने फेल हो भन्ने उद्देश्यका साथ आएको थियो।फेल भयो तब दललाई फाइदै भयो हैन तर सभामुख ज्यू अहिले यो संकल्प प्रस्ताव संसदीय प्रचलन अनुरुप प्रस्तुत भएको छ र सबैको साझा प्रस्तावको रुपमा आएको थियो।त्यसैले

यो प्रस्तावको बुँदाहरुले प्रदेश सरकारको सफल इन्जिनहरुमा ग्रिज गर्ने काम यस प्रस्तावको बुँदाहरुले गर्ने बिश्वासको साथ समर्थन जनाँउदै बिदा हुन्छु। धन्यबाद।टसी धले।

**माननीय सभामुख-** माननीय सदस्यहरु अब यो बैठक २० मिनटको लागि स्थगित हुन्छ।